This document is signed digitally!

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : संजिप कुमार अधिकारी
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०९-०१
कम्पनी रजिष्ट्रारको कार्यालय

(दफा १८ को उपदफा (६) सँग सम्वन्धित)

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# एडु राईज प्राइभेट लिमिटेड

# Edu Rise Private Limited

## को

## प्रबन्ध-पत्र

१. **कम्पनीको नामः** यस कम्पनीको नाम "**एडु राईज प्राइभेट लिमिटेड**" हुनेछ जसलाइ अंग्रेजीमा (**Edu Rise Private Limited**) भनिनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाः** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, बुढानिलकण्ठ न. पा. वडा नं.८ मा रहनेछ ।

३. **कम्पनीले गर्ने व्यवसाय वा कारोवार उत्पादन मूलक,व्यापारमूलक, सेवामूलक वा अन्य कुन प्रकृति :-** यस कम्पनीको कारोवार उत्पादन/व्यापारमूलक हुनेछ ।

४. **कम्पनीको उद्देश्य :**

(१) यस कम्पनीको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) प्रचलीत कानुनको अधीनमा रही स्वीकृती लिनुपर्ने सम्बन्धित निकायसँग स्वीकृती लिई राष्ट्रिय, क्षेत्रिय र अन्तराष्ट्रिय स्तरका विभिन्न भाषा भाषिका, विषयहरु तथा परिपात्रमा आधारित पुस्तकहरु आयात तथा व्यवस्थापन गरी बिक्री वितरण गर्ने, गराउने ।

(ख) सूचना प्रबिधि, छपाई तथा प्रकाशनसँग सम्वन्धी आवश्यक परामर्श सेवा संचालन गर्ने तथा आवश्यक्ता अनुसार बजार अनुसन्धान तथा जनमत संकलन गर्ने गराउने।

(ग) आवश्यक्ता बमोजिम विभिन्न सरकारी तथा निजी शिक्षण संस्थाहरुमा पठनपाठन गरिने विषयहरुका पुस्तकहरु प्रकाशन गर्ने तथा आयात र व्यवस्थापन समेत गर्ने।

(घ) कम्पनीलाई आवश्यक पर्ने प्रेस स्थापना गरी छपाईको कार्य गर्ने तथा शौक्षिक कार्यक्रमहरुलाई सहयोग हुने कार्यमा सहभागि हुने।

(ङ) स्वदेश तथा विदेशी व्यक्ति, प्रकाशन गृह तथा अन्य लेखकहरुवाट विभिन्न विषयहरुमा लेखिएका लेख, प्रकाशित पुस्तकहरु आदिको नेपाल अधिराज्य भित्र बिक्री बितरण गर्न एजेन्सी, डिलरसिप, सव डिलरसिप, डिष्टिब्यूटरसिप लिने, दिने तथा कमिशन एजेन्ट भै कार्य गर्ने ।

(छ) स्वदेश तथा विदेशी व्यक्ति, प्रकाशन गृह तथा अन्य लेखकहरुवाट विभिन्न विषयहरुमा लेखिएका लेख, प्रकाशित पुस्तकहरु आदिको प्रकाशन गर्ने प्रतिलिपी अधिकार ग्रहण गरी प्रकाशित गर्ने तथा आवश्यकता अनुसार विभिन्न भाषाहरुमा अनुवाद गरी प्रकाशन गरी विक्रि वितरण गर्ने ।

(ज) कम्पनीको आवश्यकता अनुसार मानव जनशक्तीको उचित व्यवस्थापन गर्ने ।

CamScanner

This document is signed digitally!

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : संजिप कुमार अधिकारी
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०९-०१
कम्पनी रजिष्ट्रारको कार्यालय

(झ) आवश्यकता अनुसार विभिन्न फर्म कम्पनीहरुलाई परामर्श तथा प्रशिक्षण उपलब्ध गर्ने गराउने।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य प्रचलित कानून बमोजिम सम्वन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त गरी मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्वन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिन भित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपी कार्यालयमा पेश गर्न्ने छ ।

**५. कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः** यस कम्पनीले दफा ३ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ ।

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण आयात, स्थानीय खरीद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने ।

(ग) कम्पनीमा लगानी भएको शेयरको रकम तथा त्यसबाट आर्थिक रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तिय संस्थावाट कम्पनीले कुनै धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) कम्पनीको नामबाट शेयर तथा डिवेन्चर खरिद गर्ने तथा त्यसलाई विक्री गर्ने ।

(च) कम्पनीलाई कारोवारको सिलिसलामा आवश्यक पर्ने मालसामान तथा कम्प्यूटर, टेलिफोन, टाइपराईटर, फ्याक्स, जस्ता अफिस सामान खरिद गर्ने तथा भाडामा लिने ।

(छ) कम्पनीको उद्देश्य पुरा गर्न सहायक हुने अन्य आवश्यक कुराहरु ।

१. कम्पनीलाई आकस्मिक क्षेतीबाट बचाउन कम्पनीको मेशिनरी,भवन,लगाएत सबै प्रकारका सम्पत्तीहरुको बिमा गराउने ।

२. प्रचलित कानूनको अधिनमा रही कम्पनीलाई प्रत्यक्ष किसिमको लाभप्रद प्राविधि ज्ञान तथा शिपहरु उपलब्ध गराउने । सो को लागि व्यक्ति वा कम्पनीसँग सम्भौत गर्ने र त्यस्ता कम्पनीहरुको शेयर खरीद गर्ने वा आफ्नो शेयर बिक्री गर्ने एकीकरण गर्ने वा एकीकृत गर्ने ।

३. कम्पनीलाई प्राप्त हुने सबै किसिमका सुविधा, सहुलियत प्राप्त गर्न नेपाल सरकारको कार्यालयसँग अनुरोध गर्ने । कम्पनीको व्यापारीक हित संरक्षणको लागि कम्पनीले प्रयोग गर्ने ट्रेडमार्क,प्याटेन्ड तथा डिजाइन दर्ता गराउने र यसको हक हित र सुविधा उपलब्ध गर्ने र उपयोग गर्ने ।

४. कम्पनीको आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गर्नको लागि सर्बसाधरणलाई बढी जानकारी गराउन विभिन्न प्रकारका संचार साधन तथा पत्र-पत्रिकाबाट प्रचार प्रसार गर्ने गराउने ।

५. कम्पनीलाई आवश्यक पर्ने कम्प्यूटर ,टेलिफोन , फ्याक्स ,ई-मेल लगाएतका आवश्यक सामानहरु खरिद गर्ने वा भाडामा लिने ।

६. नेपाल सरकारवाट प्राप्त हुने सुविधा तथा सहुलियत प्राप्त गर्ने ।

CamScanner

This document is signed digitally!

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : सजिप कुमार अधिकारी
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०९-०१
कम्पनी रजिष्ट्रारको कार्यालय

७. नेपाल सरकारले कम्पनीसंग सम्वन्धित कुनै कार्यक्रम संचालन गरेमा समन्वय तथा सहयोग गर्ने।

८. कम्पनीको हितको लागि विभिन्न संघ, संस्था तथा व्यक्तिसंग समन्वय गर्ने तथा सम्वन्ध स्थापना गर्ने ।

६. **कम्पनीको पुँजीको संरचना :** कम्पनीको पुँजीको संरचना देहाय वमोजिम हुनेछ ।

(क) कम्पनीको अधिकृत पुँजी रु. २५,००,०००/- ( पच्चीस लाख मात्र) हुनेछ । सो पुँजीलाई रु. १००/- दरका २५,००० (पच्चीस हजार ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीले तत्काल जारी गर्ने शेयर पुँजी रु.२५,००,०००/ ( पच्चीस लाख मात्र) हुनेछ । सो पुँजीलाई रु. १००/- दरका २५,००० ( पच्चीस हजार ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) कम्पनीको तत्काल चुक्ता पुँजी रु. २५,००,०००/- ( पच्चीस लाख मात्र ) हुनेछ । सो पुँजीलाई रु. १००/- दरका २५,००० ( पच्चीस हजार ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

७. **कम्पनीको शेयरको किसिम :** कम्पनीको शेयरको किसिम देहाय वमोजिम हुनेछ ।

(क) कम्पनीका शेयरहरु सवै साधारण शेयरमा मात्र विभाजन गरी जारी गरिएको छ ।

(ख) तत्काल अग्राधिकार शेयर सम्वन्धी कुनै व्यवस्था गरिएको छैन ।

(ग) हाल अन्य कुनै प्रकारको शेयर जारी गरिएको छैन, पछि साधारण शेयर वाहेकका अन्य शेयरहरु जारी गर्नु पर्ने भएमा साधारण सभावाट निणर्य गरी कार्यालयवाट स्वीकृति प्राप्त गरी सोही वमोजिम विभिन्न प्रकारका शेयरहरु जारी गर्न र विभिन्न प्रकारका शेयरवालाहरुको अधिकार तथा शर्तका कुराहरु तोकिनेछ ।

८. **शेयर खरिद वा हस्तान्तरण गर्न कुनै वन्देज भएको भए सो कुरा :**

(क) शेयर खरिद वा हस्तान्तरण गर्न वा धितो वन्धक राख्न संचालक समितिको पूर्व स्वीकृति लिनु पर्नेछ। स्वीकृति विना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुनेछैन ।

(ख) कम्पनीको शेयर चल सम्पत्ति सरह मानिएको छ। कुनै शेयरवालाको आफ्नो शेयर अरु कुनै पनि व्यक्तिलाई धितो वन्धक विक्रि ताथ हक हस्तान्तरण गर्न सक्नेछ।यसरी कुनै शेयरवालाको शेयर कुनै व्यक्तिले धितो वन्धक वा हस्तान्तरण गर्नु अघि कम्पनीको संचालक समितिको पूर्व स्वीकृति लिई गर्नु पर्नेछ।

९. **शेयरको रकम भुक्तानीका शर्तहरु :-** शेयरको रकम भुक्तानी सम्वन्धी शर्त देहाय वमोजिम हुनेछ ।

(क) कम्पनीले आफ्नो आवश्यकतानुसिार सञ्चालक समितिको बैठकबाट निणर्य गरी शेयर बापतको रकम आशिक वा पूणर् रुपले भुक्तानी माग गर्न सक्नेछ ।

(ख) कम्पनीले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(ग) शेयर माग गर्ने, माग गरेको रकम निर्धारित समयावधि भित्र बुझाउन थप म्याद माग गर्ने र कम्पनीले म्याद दिने जस्ता कुराहरु नियमावलिमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **शेयरधनीको अधिकतम संख्या :** शेयरधनीहरुको अधिकतम संख्या दुई जना देखि पचास जना सम्म रहन सक्नेछ र हाललाई अन्य व्यवस्था यस कम्पनीमा गरिएको छैन ।

११. **दायित्व सीमित हुने :-** यस कम्पनीका शेयरधनीहरुको दायित्व निजले लिएको वा लिन कवुल गरेको शेयरको अंकित मुल्य सम्म सीमित रहनेछ । तर शेयरधनीले सो हैसियतमा तेश्रो पक्ष संग गरेको

CamScanner

This document is signed digitally!

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : संजिप कुमार अधिकारी
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०९-०१
कम्पनी रजिष्ट्रारको कार्यालय

व्यक्तिगत जमानत सम्वन्धी सम्झौता बमोजिमको कम्पनीको दायित्वको हकमा यो व्यवस्था लागु हुनेछैन ।

**१२. अन्य आवश्यक कुराहरु :**

१) कम्पनीको स्थापना गर्दा लागेको खर्च कम्पनीको कोषबाट व्यहोरिनेछ ।

२) कम्पनीका संस्थापक वा अन्य व्यक्तिले नगद बाहेक कनै किसिमबाट शेयर खरिद गर्ने शेयरमाहकपाउन सक्नेछ ।

३) कम्पनीले कारोवार शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कम्पनीले कुनै किसिमसंग कुनै सम्पत्ति प्राप्त गर्ने सम्वन्धमा तत्काल कुनै व्यवस्था नभएको ।

४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने कुरा यस सम्वन्धमा हाल कुनै व्यवस्था नगरिएको ।

५) अन्य आवश्यक कुराहरु साधारण-सभाले, कम्पनी ऐन, २०६३ र प्रचलित कानूनको अधिनमा रही समय समयमा निणर्य गरे बमोजिम हुनेछ ।

६) स्वीकृति लिनु पर्नेमा लिई कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय, कायोबार गर्ने स्थान स्थानान्तरण गर्न तथा शाखा कार्यालय खोल्न वा बन्द गर्न सक्नेछ ।

**१३. कम्पनीको प्रकृति अनुसार कुनै थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने :-** त्यस्तो खास उल्लेख गर्नु पर्ने हाललाई केही छैन।

**१४. प्रवन्धपत्रमा संसोधन भएमा लागु हुने अवस्था :** यस प्रवन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभावाट विशेष प्रस्ताव पारित गरी (साधारण सभा गर्ने कम्पनी भए) वा सर्वसम्मत सम्झौतामा उल्लेख भए वमोजिम निणर्य गरी (साधारण सभा नगर्ने कम्पनी भए) सो प्रस्ताव कार्यालय अभिलेख भएपछि मात्र प्रवन्धपत्र संसोधन भएको मानिनेछ ।

**१५. प्रवन्धपत्र बाझिएको हदसम्म अमान्य हुने :** यस प्रवन्धपत्रका दफाहरु कम्पनी ऐन २०६३ र प्रचलित कानूनसग बाझिएमा त्यस्ता दफाहरु बाझिएको हदसम्म स्वतः वदर हुनेछन ।

**१६. संस्थापकहरुले तत्काल लिन कवुल गरेको शेयर संख्या :-** हामी **"एडु राईज प्राइभेट लिमिटेड"** कम्पनीका संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून वमोजिम संचालन गर्न मन्जुर गरेका छौ । यस प्रवन्ध-पत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिने कवुल गरेको शेयर संख्या र साक्षी सम्वन्धी व्यहोरा लगायत अन्य सम्पूणर् व्यहोराहरु ठीक साँचो छ । उल्लेखित व्यहोराको आधारमा कम्पनी दर्ता भएपछि सृजना हुने सम्पूणर् दायित्व व्यहोर्न हाम्रो मञ्जुरी छ । यस दफा अनुसार हामीले गरेको उद्घोषण गलत ठहरिन गएमा प्रचलित कानून बमोजिम हुने दण्ड सजाय समेत भोग्न हाम्रो मञ्जुरी छ भनी हामीले यो उद्घोषण गरेका छौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

CamScanner

This document is signed digitally!

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : संजिप कुमार अधिकारी
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०९-०१
कम्पनी रजिष्ट्रारको कार्यालय

| संस्थापकको नाम ठेगाना र सहिछाप | बाबुको नाम | ना.प्र.नं.र नागरिकता प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम थर ठेगाना र सहीछाप | साक्षीको नागरिकताको प्रमाण पत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|
| दस्तखतः<br>नामः श्री विकास पाठक<br>ठेगानाः- चितवन जिल्ला, भरतपुर न.पा वडा.नं. ०२<br>दा. बा. | अच्युत राज पाठक | ४०६७० जि. प्र. का चितवन | २५००० थान | दस्तखतः<br>नामः श्री नविन शर्मा<br>ठेगानाः- काठमाडौं जिल्ला, काठमाडौं म. न. पा. वडा नं ४<br>दा. बा. | २७१०६०-३१२६४ जि.प्र.का. काठमाडौं |

मस्यौदाकारको दस्तखतः
नामः मोनिका श्रेष्ठ
पदः अधिवक्ता
प्र.प.नः१८५८५

ईति संवत २०८२ साल मंसिर महिना २३ गते रोज ३ शुभम् ...................... ।

CamScanner